# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 8 Monthly International Edition of Herald of His Coming August 2020

वर्ष २१, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०७७)


# विजय
## Overcomes

Vol 78 No. 12 (936)

**By WC Moore (1890 – 1980)**

"जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैंले पनि जितेँ र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु ।" (प्रकाश ३ : २१)

विजय प्राप्त गर्नेहरूलाई परमेश्वरको वचनले विशेष र अचम्मको प्रतिज्ञाहरू बारम्बार दिन्छन् । "जसको कान छ त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीलाई के भन्नुहुन्छ । जसले जित्छ यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रुखबाट दिनेछु ।" (प्रकाश २ : ७, ११, १७, २६ - २८, ३ : ५, १२, २१) हाम्रो यो समय उठ्ने र परमेश्वरको वचनले के भन्दछ याद गर्ने, त्यसको बारेमा छलफल गर्ने हो । परमेश्वरको वचनले स्पष्ट रूपमा विजय प्राप्त गर्ने र विजय जीवन बिताउने त्यसपछि इनामहरूको बारेमा बोलेको छ । त्यसैले हामी आफैले आफैलाई परमेश्वरमा उत्तेजित भएर उहाँको काममा पूर्णरूपले लाग्नुपर्छ । "तपाईंको नाउँ लिने कोही पनि छैन, तपाईंलाई समात्न कसैले प्रयत्न गर्दैन, किनकि तपाईंले आफ्नो मुख हामीदेखि लुकाउनुभएको छ र हाम्रा पापले गर्दा बेकम्मा पार्नुभएको छ ।" (यशैया ६४ : ७) उहाँको काम गर्नको लागि सम्पूर्ण हतियारहरू धारण गर्नुपर्छ । "दियाबलस युक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हतियार धारण गर ।" (एफिसी ६ : ११) र हाम्रो प्राणको सम्पूर्ण संकल्पका साथ परमेश्वरजस्तो हुन चाहनुपर्छ । "मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकको छु भनेर त होइन, तर ती कुराहरूलाई पक्रनको निम्ति म अघि बढिरहेको छु, जुन कुराको निम्ति ख्रीष्टले मलाई पक्रनुभयो ! भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोडसँग लम्कदै ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अघि बढ्दछु । (फिलिप्पी ३ : १२ - १४)

"के तिमीहरूलाई थाहा छैन, दौड दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड । खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ । तिनीरु नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाश मुकुट पाउनलाई यसो गर्दछौं ।" (१ कोरिन्थी ९ : २४ - २५) "तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन् र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन् ।" (प्रकाश १२ : ११) "यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रो सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौ । हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ ।" (हिब्रू १२ : १ - २)

"पिताहरू, म तिमीहरूलाई लेखिरहेछु, किनभने सुरुदेखि नै हुनुहुनेलाई तिमीहरू चिन्दछौ । युवक हो म तिमीहरूलाई लेखिरहेछु, किनभने

तिमीहरू बलिया छौ र परमेश्वरको वचन तिमहिरूमा रहन्छ, र तिमीहरूले त्यस दुष्टलाई जितेका छौ ।" (१ यूहन्ना २ : १४) ध्यान दिनुहोस् कि विजय प्राप्त गर्नेहरूमा परमेश्वरको वचन रहन्छ । हामी यस युवा पुरुषहरूको समूहमा प्रवेश गर्न हामीले परमेश्वरको वचन हामी भित्र राख्नुपर्छ र उहाँको शिक्षाहरू सधैँ पालन गर्नुपर्छ । जबसम्म हामी उहाँको वचनलाई पालन गर्दैनौँ र उहाँले हामीलाई दिने हरेक ज्योतिमा हिँड्दैनौँ हामी कहिल्यै साँचो विजय हुने र उहाँसँग सिंहासनमा बस्ने आशा गर्न सक्दैनौँ (प्रकाश ३ : २१) । "उहाँले भन्नुभयो, समय पूरा भएको छ र परमेश्वरको राज्य नजिक आइपुगेको छ । पश्चाताप गर र सुसमाचारमा विश्वास गर ।" (मर्कूस १ : १५) तर यो मुक्ति पाउन पर्याप्त छैन, हामीलाई 'आत्माले भरियो' भनिएको छ । "दाखमद्ययले नमात्तिओ, कारण त्यो विलासिता हो तर पवित्र आत्माले भरिपूर्ण होओ ।" (एफिसी ५ : १८) "तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड र पापमय स्वभावका लालसा पूरा नगर ।

**प्रभुमा पर्खहोस्**

हामीलाई प्रभुमा र उहाँको शक्तिको सामर्थ्यमा बलियो हुन आज्ञा दिइएको छ । "अब अन्त्यमा, प्रभुमा उहाँको शक्तिको सामर्थ्यमा बलवान हाओ ।" (एफिसी ६ : १०) हामीलाई हाम्रो आफ्नै शक्ति, हाम्रो दृढता, दृढ संकल्पले मात्र विजय हुन सक्षम बनाउँदैन । तर यी सब बाहेक हामीले प्रभुमा पर्खनु आवश्यक छ ताकि हाम्रो सामर्थ्य नयाँ हुन सकोस् र हाम्रो सामर्थ्य परमेश्वरको शक्तिसँग मिल्नसकोस् । "उहाँले थकितहरूलाई बल दिनुहुन्छ र कमजोरहरूको शक्ति बढाइदिनु हुन्छ । युवक पनि दुर्बल र थकित हुन्छन् र जवान मानिसहरू थाकेर लोट्छन् । तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैँ माथि-माथि उड्नेछन् र दुगुरे पनि तिनीहरू थाक्ने छैनन् । तिनीहरू हिँड्नेछन् तापनि मुर्च्छा पर्ने छैनन् ।" (यशैया ४० : २९ - ३१) "परमप्रभुको प्रतीक्षा गर । बलिया होऊ र तिम्रो हृदय साहसिलो होस् र परमप्रभुको प्रतीक्षा गर ।" (भजनसंग्रह २७ : १४) हामी निरन्तर उहाँमा प्रतीक्षा गरिरहनुपर्छ । परमेश्वरले हामीलाई विजयी हुन बल दिनुहुनेछ ।

"हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल, किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।" (भजनसंग्रह ६२ : ८) परमेश्वरको प्रतीक्षा गर्नुहोस्, उहाँसामु उभिनुहोस् । उहाँलाई भन्नुहोस् कि तपाईं उहाँलाई प्रेम गर्नुहुन्छ । र उहाँलाई दुःखी पारेकोमा क्षमा दिन आग्रह गर्नुहोस् । परमप्रभुको सामुन्ने शान्त रहनुहोस् र उहाँको भलाइ, उहाँको पवित्रता र उहाँको कृपाको बारेमा मनन गर्नुहोस् । ( भजनसंग्रह २७ : १४)

समय लिनुहोस्- समय बनाउनुहोस् - प्रभुमा पर्खनुहोस् । बाहिर जाडो भएर जब तपाईं भित्र आउनुहुन्छ र आगोको अगाडि बस्नुहुन्छ, त्यो आगोको तापक्रम तपाईंको शरीरमा प्रवेश गर्न समय लिन्छ । त्यस्तै प्रभुको आगोले तपाईंको सम्पूर्ण अस्तित्वभित्र पस्न समय लिन सक्दछ जब तपाईँले प्रभुको प्रतीक्षा गर्नुहुन्छ । परमेश्वरको वचनमा मनन गर्नुहोस् । उहाँको वचनमा आनन्दित हुनुहोस् । "तर परमप्रभुको व्यवस्थामा नै त्यो खुसी रहन्छ, र त्यसले दिन रात उहाँकै व्यवस्थामा मनन गर्छ ।" (भजनसंग्रह १ : २) जब ब्याट्री चार्जरसँग जोडिएको हुन्छ, ब्याट्री नवीकरण हुन त्यसले समय लिन्छ । त्यस्तै तपाईंले थकित आत्माको ब्याट्री परमेश्वरको चार्जरमा राख्नुपर्छ- जसरी तपाईं उहाँसामु पर्खनुहुन्छ - बुझ्नुहोस् कि उहाँ तपाईंको बिग्रिएको आध्यात्मिक शक्तिलाई नवीकरण गर्दै हुनुहुन्छ । "तर परमप्रभु आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैँ माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्ने छैनन् । तिनीहरू हिँड्नेछन् तापनि मुर्च्छा पर्नेछैनन् ।" (यशैया ४० : ३१) यदि हामी पवित्र पारिएका छौँ र आत्माले भरिएका छौँ भने तापनि हामी सचेत हुनुपर्छ र प्रार्थना गर्नुपर्छ । "तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खडा हुन सामर्थ्य हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो ।" (लूका २१ : ३६)

**परमेश्वरले हामीलाई आफ्नो नजिकमा राख्नुहुन्छ**

आत्मिक आशिषले भरिपूर्ण भएपछि हामीले परमेश्वरलाई बिर्सन सक्ने खतरा छ, जुन कुरा पुरानो नियमको समयमा परमेश्वरले मानिसहरूलाई चेतावनी दिनुभएको थियो । "जब तिमीहरू तृप्त होउञ्जेल खान पाउनेछौ, तब तिमीहरूलाई दिनुभएको असल देशको निम्ति तिमीहरूले आफ्नो परमेश्वको प्रशंसा गर । सावधान बस ! मैले तिमीहरूलाई आज दिएका उहाँका आज्ञाहरू र उहाँका विधिविधान उल्लङ्घन गरेर परमप्रभु तिमीहरूका परमेश्वरलाई नभुल । नत्रता जब तिमीहरू खाएर तृप्त हुनेछौ र राम्रा-राम्रा घरहरू बनाएर बस्नेछौ, जब तिमीहरूका बगाल र बथानको वृद्धि भएर जानेछ, र तिमीहरूका सुनचाँदी र तिमीहरूसित भएका सबै थोक प्रशस्त हुनेछन् तब तिमीहरू अहङ्कारी भएर तिमीहरूलाई दासत्वको देश मिश्रबाट ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरलाई भुल्नेछौ ।" (व्यवस्था ८ : १० - १४) आशिष र गहिरा अनुभवहरूका लागि परमेश्वलाई धन्यवाद दिनुहोस् जुन उहाँ आफ्ना सम्पूर्ण

हृदयले विश्वास गर्ने मानिसहरूलाई दिनुहुन्छ । हाम्रो विश्वासअनुसार आशिषमा मात्र भर पर्नु होइन कि परमेश्वरमा पनि भर पर्नुपर्छ । "आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ ।" (१ पत्रुस १ : ५)

"अब जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ ।" (यहूदा २४) परमेश्वरले हामीलाई कहिल्यै पनि हामी आफैमा भर परेको चाहनुहुन्न । "यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ ।" (१ कोरिन्थी १० : १२) त्यसपछि यस प्रतिज्ञाको पालना हुन्छ, "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरु परीक्षामा परेका छैनौ । तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनु हुनेछैन तर तिमीहरूले सहन सकून भनेर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ । यसरी तिमीहरू त्यसलार्य खप्न सक्नेछौ ।" (१ कोरिन्थी १० : १३) यदि हामीले प्रभुको आज्ञालाई ध्यान दिएनौं भने हामी जिय हुन सक्दैनौं । "तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग-विसाल, मतलापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैं आइपर्ला ।" (लूका २१ : ३४)

यदि हामी जागृति आएका इसाईहरू हौं भने, हामीले यो कुरा याद राख्नुपर्छ कि हामी पत्रुसले जस्तै प्रख्यात थिए उसको पछि लाग्ने चेलाहरू पनि त्यत्तिकै प्रख्यात हुनुपर्दछ । येशूले भन्नुभयो, "जागा रहो र प्रार्थना गर र परीक्षामा नपर । आत्मा त साँच्चै तयार छ तर शरीर दुर्बल छ ।" (मत्ती २६ : ४१) यस्तो डरलाग्दो समय हामीहरूको बीचमा आउँदैछ त्यसैले तिमोथीले यसरी भन्दछन्, "तर यो बुझीराख कि आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन् किनभने मानिसहरू आफैँलाई मात्र माया गर्ने, रूपैयाँ-पैसाको मोह गर्ने, घमण्डी, हठी, अरुको बदनाम गर्ने, आमाबुबाको आज्ञा पालन नगर्ने, बैगुनी र अपवित्र, स्वाभाविक प्रेम र हितका, खुसी पार्न नसक्ने, अरुको विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख विलासलाई प्रेम गर्ने, भक्तिको भेषचाहिँ लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । यस्ता मानिसहरूबाट अलग बस ।" (२ तिमोथी ३ : १ - ५) जसरी अहिले हामीले बाँचिरहेका छौं त्यो समयमा जागा रहन अत्यन्त आवश्यक छ । यी माथि बाइबलमा उल्लेख गरिएका थोकहरूबाट हामी टाढा रहनुपर्छ । यदि हामी जागा छैनौं भने, हामी सधैं पश्चातापसहित प्रार्थना गर्दैनौं भने हामी अगाडि बढ्न सक्दैनौं तर असल गवाही दिन सक्दैनौं । "तब त्यसले कराएर भनी, शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे है । तिनीहरू आफ्नो निद्राबाट जागे र भने, म सधैंझैं आफैलाई मुक्त गर्नेछु । तर परमेश्वरले तिनलाई छोडिसक्नुभएको छ भनी तिनलाई थाहा थिएन ।" (न्यायकर्ता १६ : २०)

हामी आफैलाई अरुसँग तुलना गरेर हेर्न सक्छौं । बाइबलमा कोरिन्थीको पुस्तकले हामीलाई यसरी भन्दछ, "आफ्नो तारिफ आफैले गर्ने कुनै कुनै व्यक्तिहरूसँग हामी आफैलाई एकै श्रेणीमा राख्न अथवा आफैलाई तिनीहरूसँग दाज्न साहस गर्दैनौ तर तिनीहरू आफैले आफैलाई एक अर्कासँग नापेर हेर्दा अथवा दाँज्दा तिनीहरू बेसमझका हुन्छन् ।" (२ कोरिन्थी १० : १२) र पवित्रताको साधारण मापदण्डहरू दिएर हामी परमेश्वरको वचन र उहाँको पवित्रता टाँसिएर रहनुको सट्टा हामीले आफैले आफैलाई नियन्त्रण गर्न दिन्छौ । यदि हामीले हाम्रो जिब्रोलाई वशमा राखेर मीठो कुराको अनुभव गर्न चाहन्छौं भने आशिष र अनुग्रह हाम्रो जीवनमा पर्न दिनुपर्दछ । हरेक कुराको हार हुनु अगाडि मानिस घमण्डी हुन्छ । उसले सबै परमेश्वरबाट आएको आशिष बिर्सेको हुन्छ तर भजनसंग्रह १०३ : २ ले यसरी भन्दछ, "हे मेरो प्राण परभप्रभुको प्रशंसा गर र उहाँको सबै उपकारहरू नबिर्सी ।" साथै उसले जे गरे तापनि पावलले भने झैं हामीले पनि गर्नुपर्छ । हामीले पनि सबै कुरामा परमेश्वरलाई धन्यवाद दिनु र उहाँका आज्ञाहरू पालन गर्नु पर्दछ । पावलले यसरी भन्दछन्, "मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन तर ती कुराहरूलाई पक्रनको निम्ति म अघि बढिरहेको छु । जुन कुराको निम्ति ख्रीष्टले मलाई पक्रनु भयो । भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिन तर म एउटा काम गर्दछु कि, पछाडिका कुराहरू बिर्सिएर अगाडिका कुराहरूतिर जोडसँग लम्कदै ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानतिर म जोडसँग अघि बढ्छु ।" (फिलिप्पी ३ : १२ - १४)

यदि हामी असफल भएका छौ भने इमानदारीसाथ परमेश्वरको सामु हाम्रा पापहरू स्वीकार गरौं र उहाँको वचनअनुसार उहाँलाई विश्वास गरौं र हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्महरूबाट शुद्ध पार्न उहाँ तयार हुनुहुन्छ । यदि हामीले यसो गरेनौ भने कहिल्यै पनि हाम्रा कार्यहरूमा हामी सफल हुन सक्दैनौ ।

**हामी सत्यको सामना गरौं -** चार्ल्स जी फिन्नीले मुक्त पाएपछि र उनले पवित्र

आत्माको बप्तिस्मा लिएपछि प्रचारकको काम पाए र उनको जीवनमा परमेश्वरको ठूलो आशिष भएको थियो। तर कहिलेकाहीँ उसले त्यो बाट बाहिर निस्कने गरेकोले परमेश्वरको आशिषबाट ऊ टाढा पनि भएको थियो। जब उनले यो कुराको आशिषबाट ऊ टाढा पनि भएको थियो। जब उनले यो कुराको महसुस गरे आफूलाई जबरजस्ती पनि गरेनन्। "अनि मैले यही विचार गरें कि पलिश्तीहरू मेरो विरुद्धमा गिलगालमा आउनेछन् र मैले परमप्रभुको निगाहको निम्ति बिन्ती गरेको छैन। यसैले म आफैले यो होमबलि चढाउन बाध्य भएको अनुभप गरे।" (१ शमूएल १३ : १२) आफू अभिषेक भएको कुरा उनले पूर्ण रूपमा बिर्सेका थिए। बरु उनले पवित्र आत्माको अभिषेक भएन तबसम्म उनले उहाँको खोजि गरिरहे। जब उनले पवित्रआत्माको अभिषेक आफ्नो जीवनमा भएको थाहा गरे उनी खुसीले गदगद भए। अहिलेका यी डरलाग्दा दिनहरूमा ख्रीष्टको उपस्थिति बिना बाँच्नलाई अति नै आवश्यक छ। र, हामीलाई उहाँको जोसको आवश्यक छ। जब जो पवित्रआत्माले हाम्रो जीवनमा भरिदिनुभएको होस्।

"बप्तिस्मा दिने यूहन्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य जोडले अघि बढिरहेको छ अनि शक्तिशाली मानिसहरू बलजफ्तीसँग यसलाई पक्रन्छन्।" (मत्ती ११ : १२)

यसमा विजयी हुन पवित्र र विनम्र जीवन बिताउन आवश्यक छ। साँच्चिकै हाम्रो जीवनमा असल काम गर्ने हो भने हामी पवित्र, आत्माको भरिपूर्ण जीवनबिना गर्न सकिँदैन। त्यसैले यदि हामीले हाम्रो जीवनमा असल काम गर्ने हो भने हामी पवित्र आत्माको भरिपूर्ण जीवनविना गर्न सकिँदैन। त्यसैले यदि हामीले आफैलाई उत्तेजित पारौं र काम गरौं। (यशैया ६४ : ७) पवित्र आत्मामा नयाँ भएर काम गर्नका लागि परमेश्वरको अभिषेकलाई पक्रिराखौं र त्यही उद्देश्यका साथ हिडौं। भजन लेखकले यसरी भन्दछन्, "तपाईंले मलाई जंगली साँढेहरूको जत्तिकै शक्ति दिनुभएको छ। उत्तम तेलले मेरो अभिषेक भएको छ।" (भजनसंग्रह ३२ : १०)

"जसले विजय प्राप्त गर्दछ म उसलाई मसँग मेरो सिंहासनमा बस्न दिनेछु, जसरी म पनि विजयी भएको छु र मेरो बुबासँग उहाँको सिंहासनमा बस्दछु।" (प्रकाश ३ : २१) येशू विजय हुनुहुन्छ त्यसैले हामी जोशिलो भई दृढतापूर्वक विजय हुनु हाम्रो ख्रीष्टको अनुसारण गर्न खोज्नु हो। हामी विजयीहरूले परमेश्वरको उदेकका प्रतिज्ञाहरू देख्न सकौं र एक अर्काको लागि प्रार्थनामा उठाउन सकौं। "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन् र थुमाले तिनीहरूलाई जित्नु हुनेछ। किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" (प्रकाश १७ : १४)

## मुक्तिका पाइला

*'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ। '*

*दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो। उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस्।*

*'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ।*

*... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ...। (प्रेरित २ : ३८ - ४१)* HHC, Vol 67 No. 9 (801)

# परमेश्वरको पवित्रता

## The Holiness of God

By Arthur W Pink

Vol. 73 No. 4 (868)

**परमेश्वरमात्र पवित्र हुनुहुन्छ !**

"हे परमेश्वर तपाईंको डर कसले मान्दैन ? र तपाईंको नाउँको महिमा कसले गर्दैन ? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जाति भएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।" ( प्रकाश १५ : ४)। उहाँ स्वतन्त्र प्रकारले अनन्तदेखि अनन्तसम्म पवित्र हुनुहुन्छ। पवित्र धर्मशास्त्रले भन्दछ कि उहाँ जसरी पनि 'पवित्र' हुनुहुन्छ। उहाँमा अचम्म प्रकारको र उदेकको गुणहरू पाउन सकिन्छ। उहाँ शुद्ध र पापदेखि टाढा हुनुहुन्छ। "परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कति पनि अँध्यारो छैन।" (१ यूहन्ना १ : ५)। उहाँको पवित्रता भनेको अचम्म प्रकारको गुणले भरिएको प्राकृतिक स्वभाव हो। महान् परमेश्वर, "हे परमप्रभु, देवताहरूमा तपाईं झैं को छ र ? पवित्रतामा अति महान् महिमामा भययोग्य, र कर्म गर्नुहुने तपाईं झैं को छ र ?" (प्रस्थान १५ : ११)। त्यसकारण हामीले हिब्रूमा पढेका छौं "तर कुन स्वर्ग दूतलाई उहाँले कहिले यसो भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो खुट्टाको पाउदन तुल्याउँदिन " (हिब्रू १ : १३) परमेश्वरको शक्ति उहाँले गर्नुभएको सृष्टिहरूको भन्दा विपरीत छ, उहाँको ज्ञान र बुद्धिविना कुन चाहिँ शक्तिमाथि उठ्न सक्छ अथवा सबै कुराको वास्तविकतालाई बुझ्न सक्छ ? उहाँको पवित्रता दोषरहितको छ। परमेश्वरलाई पक्रिराख, "परमेश्वरलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्त कालसम्म रहिरहन्छ" (२ इतिहास २० : २१)। शक्ति परमेश्वरको हातमा छ, उहाँका आँखा कहिल्यै नउँघ्ने छन्, उहाँमा प्रशंसा योग्यको गुणहरू छन्। अनन्तदेखि अनन्तसम्मका परमेश्वर उहाँ हुनुहुन्छ। जति जना उहाँद्वारा शुद्ध भएका छन् अब स्वतन्त्र भएका छन् किनकि उहाँ पवित्र हुनुहुन्छ। परमेश्वर महान् र योग्य हुनुहुन्छ, उहाँ बाहेक अरु कोही पनि यस संसारमा शक्तिशाली छैन। उहाँको नाम मात्र सबैभन्दा उच्च छ। तपाईंहरूले उहाँको अति पवित्र र शक्तिशाली नामभन्दा अरु कसैको नाउँ पाउन सक्नु हुनेछैन। उहाँको पवित्र नाउँ सबैभन्दा महान् नाउँ हो। स्वर्गदूतहरूले उहाँको नाउँको वर्णन सिंहासनको वरिपरि गरिरहेका छन्। "सर्वशक्तिमान परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ" (यशैया ६ : ३)। परमेश्वर आफैले सपथ खानुभएको छ, "मैले सदाकालको निम्ति आफ्नो पवित्रताको यो सपथ खाएको छु" ( भजनसंग्रह ८९ : ३५)। परमेश्वरले आफ्नो निम्ति आफै सपथ खानु त्यो भन्दा ठूलो कुरा के हुन्छ ? त्यसकारण हामीले उहाँको प्रशंसा गर्नुपर्छ, "हे परमप्रभुका पवित्रजन हो, उहाँको निम्ति भजन गाओ, र उहाँको पवित्र नाउँको स्तुति गर" (भजनसंग्रह ३० : ४)। जब हामीले उहाँको नाउँको स्तुति गर्दछौं, तब परमेश्वरले आफ्नो उपस्थिति दिनुहुन्छ सो चाहिँ उहाँको स्वभाव हो। हामीले भजनसंग्रहमा पाउँदछौं कि "उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ" (भजनसंग्रह २७ : ४)। यो चाहिँ उहाँको पवित्रता नै हो "पवित्रताको वैभवमा सुशोभित भई" (भजनसंग्रह ११० : ३)।

यो चाहिँ सम्पूर्णताको चुनौती हो। त्यसैले जसले उहाँको आराधना गर्छ तिनीहरू निम्ति परमेश्वरको महिमा उहाँको पवित्रता, उहाँको उच्चता सबै निम्ति दिइएको छ। सबै उहाँका अनुयायीहरू उहाँको सुन्दरतामा र शक्तिको ज्योतिमा चम्किरहेका हुन्छन्। उहाँले न्याय गर्दा पवित्र न्याय गर्नु हुन्छ, उहाँको बुद्धि पवित्र छ, ज्ञान पवित्र छ उहाँको शक्तिशाली "पाखुरा पवित्र छन्" (भजनसंग्रह ९८ : १), उहाँको सत्यता पवित्र छ, अथवा उहाँको प्रतिज्ञाहरू 'पवित्र छन्' (भजनसंग्रह १०५ : ४२)। उहाँको 'नाउँ पवित्र छ' (भजनसंग्रह १०३ : १)

त्यसैकारण यस संसारमा हाम्रो महान् परमेश्वर मात्र सबै कुरामा पवित्र हुनुहुन्छ, उहाँबाहेक अरु कुनै कुरालाई उहाँको तुलनामा ल्याउन सकिँदैन, उहाँको पवित्रताको कुरा बाहेक अरु कुनै कुरा कल्पनामा पनि ल्याउन सकिँदैन।

**परमप्रभु आफूले रचेका सबै कुरामा पवित्र हुनुहुन्छ**

परमेश्वरको कार्यमा पवित्रता छ।

"परमप्रभु आफ्ना सबै भागमा धर्मी हुनुहुन्छ, र आफूले रचेका सबैथोक प्रति कृपालु हुनुहुन्छ" (भजनसंग्रह १४५ : १७)। संसारका सबैथोकहरू उहाँबाट मात्र बन्न आएका हुन् पवित्रता उहाँको कार्यको नियम हो। आदिमा उहाँले संसार सृष्टि गर्नु हुँदा आफ्ना मुखका शब्दहरूबाट बनाउनुभयो र "सबै असल थियो" (उत्पत्ती ३ : ३१)। उहाँले बनाउनुभएका कुनै पनि कुरा नराम्रा थिएनन् अथवा अपवित्र थिएनन्। उहाँले मानिसलाई मात्र "सोझो" बनाउनु भयो (उपदेशक ७ : २९), उहाँको स्वरुपमा र प्रतिरुपमा बनाउनुभयो। उहाँले स्वर्गदूतले जस्तै पवित्र कार्य गर्ने बनाउनुभयो तर जुन स्वर्गदूतले आफ्नो औकातलाई वा मर्यादालाई त्यागेर उहाँको नियम उल्लंघन गर्नेलाई परमेश्वरले पृथ्वीमा फालिदिनुभयो। "आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतलाई" उहाँले त्याग्नुहुन्छ। (यहूदा ६)। शैतानले अधर्म नगरेको दिनसम्म ठिकै थियो, "तँ सिर्जिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्" (इजकिएल २८ : १५)।

परमेश्वरको पवित्रता उहाँको नियमद्वारा प्रकट हुन्छ। त्यो नियमले पाप र अधर्मलाई देखाइदिन्छ, त्यो शरीरीको रुपमा हुने सबै किसिमका कार्यहरू त्यस्ता किसिमका पापहरूलाई जित्नलाई हामीले पवित्र विचारहरू राख्नुपर्छ र पवित्र काम गर्नुपर्छ। "व्यवस्था पवित्र छ, र आज्ञा पवित्र छ, न्यायसंगत र असल छ" (रोमी ७ : १२)। "परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने। परमप्रभुका आज्ञाहरू उज्वल छन् आँखालाई प्रकाश दिने। परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्म स्थिर रहने। परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वदा धर्ममय छन्" (भजनसंग्रह १८ : ८ - ९)।

परमेश्वरको पवित्रता क्रूसमा पनि प्रकट भएको छ। उहाँले क्रूसमा गर्नुभएको बलिदानले परमेश्वरको उद्धारको पवित्रतालाई देखाउँदछ जुन चाहिँ अनन्तसम्मको लागि हो। कसरी त्यो पाप.... जित्नको लागि परमेश्वरले एक मात्र पुत्र पनि भन्नुभएन र हाम्रो निम्ति दिइहाल्नुभयो।

पापी संसारलाई मात्र उहाँले आफ्नो न्याय पठाउनु हुने छैन तर आफ्ना जातिहरूमाथि पनि परमेश्वरको न्याय आउनेछ। उहाँले पापलाई सधैं घृणा गर्नुहुन्छ। परमेश्वरको क्रोध मानिस जातिमाथि नभएर पुत्रले आफूमाथि बोक्नुभयो। उहाँले आफ्नो एक मात्र पुत्र यस संसारमा दिएर सबैभन्दा सुन्दर र असल काम आफ्ना जातिहरूको निम्ति गर्नुभएको छ। यसबाट उहाँलाई महिमा भएको छ। यो कुरा प्रभुले आफैले भजनसंग्रह २२ अध्यायमा प्रकट गर्नुभएको छ। जब प्रभु एकदमै गाह्रो अवस्थामा हुनुहुन्थ्यो उहाँले पितासँग आफ्नो हृदयदेखि दुःख प्रकट गर्नुभयो "हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ? मलाई बचाउनबाट तपाई किन यति टाढा हुनुहुन्छ ? अनि मेरो करुण क्रन्दनका शब्दहरूबाट त्यति टाढा ? (पद १ - ३)।

किनकि परमेश्वर पवित्र हुनुहुन्छ र उहाँले सबै पापहरूलाई घृणा गर्नुहुन्छ। उहाँले जुनकुरा व्यवस्था अनुसार छ त्यसलाई प्रेम गर्नुहुन्छ, र जुन कुरा यसको विपरीत छ, त्यसलाई उहाँले सम्झना पनि गर्नुहुँदैन। उहाँको वचनले यही भन्दछ "किनकि परमप्रभुले बिग्रेका मानिसलाई घृणा गर्नुहुन्छ, तर सोझाहरूलाई आफ्नो विश्वासमा राख्नुहुन्छ।" (हितोपदेश ३ : ३२) अनि फेरि "परमप्रभुले दुष्टका विचारहरूलाई घृणा गर्नुहुन्छ तर शुद्ध मानिसहरूका विचारमा उहाँ प्रसन्न हुनुहुन्छ" (हितोपदेश १५ : २६)। परमेश्वरले पापीहरूलाई क्षमा दिनुहुन्छ। हामीलाई बाइबलले यसरी सिकाउँदछ "वास्तवमा, व्यवस्था अनुसार रगतले प्रायः सबथोक शुद्ध पार्दछ, रगत नबगाईकन पापको क्षमा हुन सक्दैन" (हिब्रू ९ : २२)। यसकारण हामीलाई यो मानिएको छ कि एकजनाले अदनको बगैँचामा पाप गरेको कारण संसारमा पाप पस्यो। एउटा मात्र पाप गरेको कारणले मोशाले कनान प्रवेश गर्न पाएनन्। एउटा पापको कारणले एलिजाको नोकरले कुष्ठरोग सहनुपर्‍यो। हननिया र सफिराले आफ्नो जमिनको केही भाग राखेको कारण उनीहरू त्यसै ठाउँमा मर्नुपर्‍यो। त्यसैले परमेश्वरले पापीलाई प्रेम गर्नुहुन्छ तर पापलाई अति नै घृणा गर्नुहुन्छ। जसले परमेश्वरको प्रेमलाई थाहा गरेर पनि पाप गर्छ भने त्यसलाई परमेश्वरले कहिल्यै पनि छोड्न हुनेछैन।

**पापी मानिसको दृष्टिकोणमा परमेश्वरको पवित्रता-** हामीलाई थाहा छ पवित्र धर्मशास्त्र परमेश्वरबाट प्रेरणा भएर लेखिएको हो। हामीलाई थाहा छ कि परमेश्वरको प्रेम पवित्र छ र विश्वासयोग्य छ। संसारका सबैथोक एकातिर र परमेश्वरको अनुग्रह अर्कोतिर राख्दा उहाँको अनुग्रह बढ्ता हुन्छ। "तैँले

यी सबै काम गरेको छस् र म चूप लागेँ, तैँले सोचिस् म सर्वदा तँ जस्तै छु। तर म तँलाई हप्काउनेछु, र तेरै मुखको अघि तेरो दोष देखाउनेछु" ( भजनसंग्रह ५० : २१) के परमेश्वरको शक्ति तिनीहरूको भन्दा बढ्ता छैन र ? उहाँको कार्य गर्ने शैली र उहाँका कार्यले नै परमेश्वरको स्वभावलाई प्रकट गर्दछ। देवताहरू र हाम्रो सर्वशक्तिमान परमेश्वरको बीचमा हामीले यो थाहा पाउँदछौँ कि सत्य परमेश्वर हुनुहुँदो रहेछ। परमेश्वरको पवित्र परमेश्वर हुनुहुन्छ जसको अगाडि पाप टिक्न सक्दैन । आदम कसरी पापको दास भयो भन्ने कुरा हामीले उत्पत्तीको पुस्तकमा पाउँदछौँ । यदि कसैले पाप गऱ्यो भने पनि मानिसको स्वभाव अरुलाई दोष लगाउने हुन्छ। आदम र हब्बाले पनि त्यसै गरेका थिए। तर "घमण्डी मानिस तपाईंको सामु टिक्नै सक्दैन, दुष्ट काम गर्नेहरू सबैलाई तपाईं घृणा गर्नुहुन्छ" ( भजनसंग्रह ५ : ५) र "परमेश्वर निष्पक्ष न्यायाधीश हुनुहुन्छ, जुन परमेश्वरले प्रतिदिन आफ्नो क्रोध व्यक्त गर्नुहुन्छ" ( भजनसंग्रह ७ : ११)। जब मानिसले यस्तो परमेश्वरलाई विश्वास गर्न मन गर्दैन र उहाँलाई विश्वास गर्नलाई हिच्किचाउँछन् अनि आफ्नो काममा पनि त्यस्तै देखाउँदछन्, त्यस्ताहरूलाई परमेश्वरको आगोको भट्टीबाट जोगिने कुनै उपाय छैन त्यो अनन्त अनन्तको लागि हुनेछ।

किनकि परमेश्वर पवित्र हुनुहुन्छ, अरु कुनै पनि थोक उहाँ बराबर पवित्र हुन सक्दैन वा हुन सम्भव छैन। स्वर्गबाट खसालिएको स्वर्गदूतले पनि केही असल गर्न सक्दैन, ऊ सधैँ कसरी परमेश्वरको कामलाई बिथोल्ने भन्ने सोचिरहेको हुन्छ। ऊ कहिल्यै पनि शुद्ध हुन सक्दैन। यशैयाले यहाँ कसरी भन्दछन्, "हामी सबै अशुद्ध मानिस जस्तै भएका छौँ, र हाम्रा सबै धार्मिक कामहरू फोहर भुत्रा झैँ छन्। हामी सबै पात झैँ ओइलाइहाल्छौँ, र हाम्रा पापले हामीलाई बतासले झैँ उडाइ लैजान्छन्" (यशैया ६४ : ६)। पापी मानिसले जहिले पनि अप्ठ्यारो ल्याउँदछ। भाँचिएको रुखले फल दिन सक्दैन। परमेश्वरले मानिस बनाएकोमा अफसोस मान्नुभयो। तरै पनि मानिस जाति माथि उहाँले ठूलो निगाह राख्नुभयो। यो परमेश्वरको स्वभाव हो।

उहाँले मानिसलाई उद्धार गर्नुभयो। उहाँलाई प्रशंसा चढाउनुपर्छ किनकि यसको योग्य उहाँ हुनुहुन्छ। सबै मानिसले उहाँलाई प्रशंसा दिनु नै पर्छ। "यस हेतुले कि उहाँले हामीलाई आफ्नो प्रिय पुत्र सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् (एफिसी १ : ६)। हल्लेलुया !

**परमेश्वरप्रति मानिसको विचार**

परमेश्वर पवित्र हुनुहुन्छ। वातावरणले मानिसलाई विभिन्न विचार गर्ने बनाउँदछ। उनीहरूले परमेश्वरप्रति पनि विभिन्न सोचहरू राखेका हुन्छन्। "पवित्रजनहरूको सभामा परमेश्वरको भय साह्रै मानिएको छ। उहाँको वरिपरि हुनेहरूमध्ये उहाँ धेरै विस्मयकर हुनुहुन्छ" (भजनसंग्रह ८९ : ७)। तब, "परमप्रभु हाम्रा परमेश्वरको नाउँ उच्च पार, र उहाँको पाउदानमा आराधना गर, उहाँ पवित्र हुनुहुन्छ।" (भजनसंग्रह ९९ : ५)। हो यो खेल मैदानमा सबैजना उहाँको अगाडि उभिइरहेका हुन्छौँ। जब मोशाले जलिरहेको पोथ्रामा के रहेछ भनेर विचार गरेर नजिक गए, परमेशवरले भन्नुभयो, "तेरो खुट्टाबाट जुत्ता फुकाल" (प्रस्थान ३ : ५)। उहाँ सेवाको योग्य हुनुहुन्छ "भय मानेर परमप्रभुको सेवा गर, र कम्पसाथ आनन्द मनाओ" (भजनसंग्रह २ : ११)। इस्राएलको निम्ति परमेश्वरको चाहना पनि यही थियो, "मेरो नजिक आउनेहरूमा म पवित्र बन्नेछु, अनि सारा मानिसहरूका सामु म महिमित हुनेछु" (लेवी १० : ३)०। त्यसैले हाम्रो हृदय सधैँ परमेश्वरको महिमाको निम्ति तयार रहनुपर्छ। त्यो नै उहाँमा ग्रहणयोग्य हुनेछ।

परमेश्वर पवित्र हुनुहुन्छ, त्यसले हामीले उहाँमा पनि पवत्र रहने इच्छा राख्नुपर्छ। उहाँले हामीलाई यो आज्ञा गर्नुहुन्छ "तिमीहरू पवित्र होओ किनभने म पवित्र छु" (१ पत्रुस १ : १६)। हामी परमेश्वरजस्तै एउटै समयमा जतासुकै उपस्थिति हुन सक्दैनौँ तर जस्तो परमेश्वर हुनुहुन्छ त्यस्तै हुनलाई हाम्रा कार्यहरूमा लागिरहनुपर्छ। "तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ" (१ पत्रुस १ : १५)।

यो परमेश्वरलाई महिमा दिने तरिका हो। हामी परमेश्वरलाई शरीरमा सेवा गर्न त सक्दैनौँ तर आत्मामा पवित्र रहेर उहाँको सेवा गर्नुपर्छ। जब हामी परिवर्तन हुन्छौँ त्यो आत्मामा पवित्र भएर हुनुपर्छ। परमेश्वर मात्र हाम्रो जीवको पवित्रताको मूल हुनुहुन्छ भने आउनुहोस् हामीले सधैँ उहाँमा पवित्रता देख्ने कोशिस गरौँ। हाम्रो दैनिक प्रार्थना यस्तो होस्, "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रुपले तिमीहरूलाई चोखा तुल्याउन, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहुन्" (१ थिसलोनिकी ५ : २३)। आमेन्।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**